नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ती

मिति २०८१/०६/१६ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारीले विभिन्न विकास साझेदारहरुसंग छलफल तथा अन्तरकृया गर्नुभएकोछ। छलफलका क्रममा रोजगार सेवा केन्द्रको प्रभावकारिता तथा दीगोपना, रोजगार सेवा केन्द्र मार्फत एकीकृत श्रम र रोजगारमुलक सेवा प्रवाह, आन्तरिक रोजगारी प्रवर्द्धन साथै आप्रवासन तथा पून:आप्रवासन व्यवस्थापन कार्यक्रम कसरी अगाडि बढाउने भन्ने बिषयमा छलफल भएको छ।

उक्त छलफलका क्रममा World Bank, USAID, SDC, Helvitas, ILO, IOM, Swisscontact लगायतका विकास साझेदारहरुको उपस्थिति रहेको थियो। छलफलका क्रममा विकास साझेदारहरुको तर्फबाट आगामी दिनमा मन्त्रालयसंग समन्वय र सहकार्य गरी अगाडि बढ्ने प्रतिवद्दता प्राप्त भएको छ। माननीय मन्त्रीज्यूले रोजगार सेवा केन्द्र सम्बन्धमा मन्त्रालयको सोच, रोजगार सेवा केन्द्रको भूमिका तथा जिम्मेवारी सम्बन्धमा स्पस्ट पार्नु भएको छ।

मिति: २०८१/०६/१६

(डण्डुराज घिमिरे)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईट:- www.moless.gov.np